# आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली

मितिः २६ अक्तूबर २०२५

समयः १८:५० - १९:०० बजे

**मुख्य समाचार**

- प्रधान मन्त्री नरेन्द्र मोदीले भारतको विकासलाई समुद्री क्षेत्रले गति दिइरहेको बताउनु भएको छ।

- निर्वाचन आयोगले नागरिकहरुको सबै जिज्ञासा र गुनासोलाई सम्बोधन गर्ने उद्देश्यले राष्ट्रिय मतदाता हेल्पलाइन र ३६ वटै राज्य तथा जिल्लास्तरीय हेल्पलाइन सक्रिय गरेको छ ।

- दार्जीलिंग शहरको महाकाल मन्दिरमा छोटो पोशाक लगाएर प्रवेश गर्न प्रतिबन्ध लगाइएको छ।

- पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले जगद्धात्री पूजाको अवसरमा राज्यका जनतामा शुभकामना व्यक्त गर्नुभएको छ ।

- चक्रवात तुफान " मोन्था"को प्रभाव पश्चिम बंगालमा जारी रहेको छ।

**प्रधान मन्त्री नरेन्द्र मोदी- समुद्री क्षेत्र बिकास**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज भन्नुभयो, समुद्री क्षेत्रले भारतको विकासलाई गति दिइरहेको छ। उहाँले , पछिल्लो दशकमा व्यापार र बन्दरगाह बुनियादी ढाचालाई बढावा दिँदै यस क्षेत्रमा उल्लेखनीय परिवर्तन आएको बताउनु भएको छ । श्री मोदीले आज साँझ मुम्बईको नेस्को प्रदर्शनी केन्द्रमा भारत समुद्री सप्ताह २०२५ अन्तर्गत आयोजित समुद्री नेतृत्व सम्मेलनलाई सम्बोधन गर्दै हुनुहुन्थ्यो। उहाँले भन्नुभयो, भारतको समुद्री क्षेत्र तीव्र गति र ऊर्जाका साथ अघि बढिरहेको छ। प्रधान मन्त्री श्री मोदीले भन्नुभयो, आज भारतका बन्दरगाहहरू विकासशील विश्वहरूमा सबैभन्दा कुशल छन्। उहाँले अझ भन्नुभयो - धेरै पक्षहरूमा भारतले विकसित देशहरूको भन्दा पनि राम्रो प्रदर्शन गरिरहेका छन्। उहाँले वैश्विक तनाव, व्यापार अवरोधहरू र आपूर्ति श्रृंखलाहरूको परिवर्तनको बीचमा भारत सामरिक स्वायत्तता, शान्ति र समावेशी विकासको प्रतीकको रूपमा उभिएको कुरा प्रकाश पार्नुभयो। प्रधानमन्त्री श्री मोदीले भन्नुभयो, सरकारले एक शताब्दीभन्दा पुरानो औपनिवेशिक जहाजरानी कानूनलाई २१ औं शताब्दीका लागि उपयुक्त आधुनिक, भविष्यवादी कानूनहरू लागू गरेको छ।

**निर्वाचन आयोग-हेल्पलाइन**

निर्वाचन आयोगले नागरिकहरूका सबै प्रश्न र गुनासोहरूको समाधानका लागि राष्ट्रिय मतदाता हेल्पलाइन र सबै 36 राज्य तथा जिल्ला स्तरीय हेल्पलाइन सक्रिय गरेको छ।राष्ट्रिय सम्पर्क केन्द्रले सबै राज्य र केन्द्र शासित प्रदेशहरूको लागि केन्द्रीय हेल्पलाइनको रूपमा काम गर्नेछ।यो टोल-फ्री नम्बर 1800-11-1950 को माध्यमले प्रतिदिन बिहान आठ बजे देखि बेलुकी आठ बजेसम्म संचालित हुनेछ।

***निर्वाचन आयोगले प्रत्येक राज्य, केन्द्र शासित प्रदेश र जिल्लालाई आ-आफ्नो राज्य र जिल्ला सम्पर्क केन्द्र स्थापित गर्न निर्देश जारी गरेको छ। आयोगले 'BLO का साथ बुक-ए-कल' सुविधा पनि सुरु गरेको छ। यसको प्रयोग गरेर, नागरिकहरूले आफ्नो सम्बन्धित बुथ स्तर अधिकारीसित सम्पर्क गर्न सक्नेछन्।यी सुविधाहरू चुनाव सम्बन्धी गुनासोहरूको समाधानको विद्यमान व्यवस्था अतिरिक्त हुन्। नागरिकहरले आफ्नो गुनासोहरु कम्पलेंट्स एट ईसीआई डॉट जीओवी डॉट आई एन complaints@eci.gov.in मा पठाउन सक्नेछन्।***

**नड्डा - विश्व स्ट्रोक दिवस**

आज विश्व स्ट्रोक दिवस हो। विश्व स्ट्रोक दिवसको अवसरमाए केन्द्रीय स्वास्थ्य मन्त्री जगत प्रकाश नड्डाले भन्नुभएको छ यो दिवसले स्ट्रोक रोकथाम र स्वस्थ जीवन शैलीको महत्त्व बारे जागरूकता बढ़ाउने अवसर प्रदान गर्दछ। एक सोशल मीडिया पोस्टमा, श्री नड्डाले भन्नुभयो स्ट्रोक अचानक हुन सक्छ, तर साना, नियमित र स्वस्थ विकल्पहरू द्वारा यसलाई रोक्न सकिन्छ।उहाँले थप भन्नुभयो सही खानपान, सक्रिय रहने र तनाव प्रबंधनले जोखिम कम गर्न र एक स्वस्थ जीवन बिताउन सकिन्छ।श्री नड्डाले यस दिन मानिसहरूलाई सिक्न, साझा गर्न र स्वास्थ्यलाई सर्वोच्च प्राथमिकता दिन आग्रह गर्नुभयो।

**पश्चिम बंगाल - मुख्य निर्वाचन अधिकारी -एसआईआर**

पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारीको कार्यालयले दक्षिण २४ परगना जिल्लाका जिल्ला मजिस्ट्रेटसँग सत्तारुढ तृणमूल कांग्रेसकी एक महिला पार्षदसँग दुई फरक विधानसभा निर्वाचन क्षेत्रका मतदाता परिचयपत्र रहेको उजुरीमा रिपोर्ट माग्ने निर्णय गरेको छ।सीईओ कार्यालय सुत्र अनुसार जिल्ला मजिस्ट्रेट र जिल्ला निर्वाचन अधिकारीबाट विस्तृत रिपोर्ट प्राप्त भएपछि मुख्य निर्वाचन अधिकारी मनोजकुमार अग्रवालले यस मामिलामा अघिल्लो कार्वाहीका लागि आवश्यक निर्देश जारी गर्नुहुनेछ ।यस मामिलामा सम्बन्धित पार्षदलाई सूचना जारी गर्दै स्पष्टीकरण मागिने सम्भावना छ। उनीहरुको प्रतिक्रियाका आधारमा थप कारबाही तय गरिनेछ।सीईओ कार्यालयका एक अधिकारी अनुसार भारतीय निर्वाचन आयोगले विशेष गहन संशोधन एस.आई.आर को क्रममा मृत मतदाता र नक्कली मतदाताको नाम हटाउनेमा विशेष जोड दिएको छ। आयोगको निर्देशन अनुसार यसपटक यस्ता सबै मुद्दालाई गम्भीरतापूर्वक लिइएको छ।

**दार्जीलिंग महाकाल मन्दिर - छोटो पोशाक प्रतिबन्ध**

दार्जीलिंग शहरको महाकाल मन्दिरमा 'मिनी स्कर्ट' वा यस्तै कुनै पनि छोटो पोशाक लगाएर प्रवेश गर्न प्रतिबन्ध लगाइएको छ। मन्दिर समितिले यस बिषयमा पोस्टर पनि लगाएको छ ।पोस्टरमा लेखिएको छ, 'स्कर्ट अथवा छोटो पोशाक लगाएर महिलाहरुलाई मन्दिर परिसरमा प्रवेश गर्न निषेध छ ।

***दार्जिलिङमा वर्षभरि ठूलो संख्यामा पर्यटक आउने गरेका छन् । विभिन्न पर्यटकीय गन्तव्यसँगै महाकाल मन्दिर पनि पर्यटकीय गन्तव्य हो । हरेक दिन ठूलो संख्यामा मानिस मन्दिरमा पूजा गर्न आउने गर्छन । यसपटक मन्दिरमा महिलाहरुका लागि ड्रेस कोड लागू गरिएको छ । तथापि , मन्दिरमा वैकल्पिक व्यवस्था पनि गरिएको छ । कसैले स्कर्ट लगाए पनि मन्दिर प्रवेशका लागि लामो घाग्रा पहिराइनेछ । त्यहाँबाट त्यही पहिरन लगाएर मन्दिरभित्र पस्नु पर्नेछ । यस्ता दिशा-निर्देशलाई लिएर भक्तजनमा असन्तोष देखिएता पनि धेरै मानिसहरुले मन्दिर प्रशासनको पहलको प्रशंसा गरेका छन् ।***

**पश्चिम बंगाल -मुख्यमंत्री ममता बनर्जी - जगद्धात्री पूजा -शुभकामना**

पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीले जगद्धात्री पूजाको अवसरमा राज्यका जनतामा शुभकामना व्यक्त गर्नुभएको छ । मुख्यमन्त्री सुश्री बनर्जीले राज्यमा शान्ति, सद्भाव र समरसता कायम गर्न अपिल गर्नुहुदै यो पर्व बङ्गालको समृद्ध सांस्कृतिक परम्परा र आस्थाको प्रतीक भएको बताउनु भएको छ I यसबाहेक, उहाँले बङ्गालको आध्यात्मिक र सांस्कृतिक विरासतलाई नयाँ उचाइ प्रदान गर्ने यस पर्व मार्फत एकता र सामुदायिक सद्भावको सन्देश दिनुभएको छ I जगद्धात्री पूजा बङ्गालमा "माता जगद्धात्री " को पूजाको रूपमा मनाइन्छ, जसलाई संसारको रक्षक मानिन्छ।

**मिरिक -सफाई अभियान**

सामुदायिक भावना र तालिमप्रति समर्पणको प्रदर्शन गर्दै, मिरिकको एक प्रमुख संस्था घर घर लाहुरेका युवाहरूले आज मिरिकको आहाले खेल मैदान क्षेत्रमा सफाई अभियानको आयोजना गर्यो ।सिक्किम, दार्जिलिङ, मिरिक र अन्य क्षेत्रका ४३ प्रशिक्षार्थीहरूको सहभागिता रहेको यस पहलको उद्देश्य सरसफाइलाई प्रवर्द्धन गर्नु र युवाहरूमा अनुशासन

जगाउनु रहेको थियो । घर-घर लाहुरे एक संस्था हो जसले भारतीय सेना र अर्धसैनिक बलमा भर्ना हुन चाहने युवा पुरुष र महिलाहरूलाई तालिम प्रदान गर्दछ।

**<u>सुकेपोखरी-सिङ्सा यूथ क्लब-म्याराथन</u>**

सिङ्सा यूथ क्लब, सुकेपोखरीले आफ्नो १८औं स्थापना दिवसको अवसरमा सात किलोमिटर म्याराथन दौडको सफल आयोजन गरेको छ। कार्यक्रमले स्थानीय तथा बाहिरका सहभागीहरूलाई स्वास्थ्य सामुदायिक भावना र उत्सवको भावना प्रवर्द्धन गर्ने उद्देश्य राखेको थियो।म्याराथन सुकेपोखरी सिङ्शा किदुक भवन, सिमाना रोडबाट शुरु भई जोरपोखरी हुँदै पुनः किदुक भवनमै आएर समापन गरिएको थियो। कार्यक्रमको दोस्रो चरणमा विजेता धावकहरूलाई प्रमाणपत्र र नगद पुरस्कार प्रदान गरियो।दौड प्रतियोगितामा प्रमुख अतिथि सगरमाथा आरोही प्रतिमा राईलाई कल्बको तर्फबाट सम्मानित गरियो।

**<u>चक्रवात 'मान्था' -पश्चिम बंगाल</u>**

चक्रवात तुफान मोन्था आज बिहानै कमजोर बन्यो , तर यसको प्रभाव पश्चिम बंगालमा जारी रहेको छ। आन्ध्र प्रदेशको उत्तरपश्चिमी तटमा मंगलबार अबेर राति तुफान आएपछि वर्षासँग सम्बन्धित कारणले राज्यमा एक व्यक्तिको मृत्यु भएको थियो। तर, तुफान कमजोर भए पनि यसको प्रभावका कारण आज बिहानैदेखि कोलकाता र दक्षिण बंगालका धेरै जिल्लामा निरन्तर वर्षा भइरहेको छ ।मौसम विभाग अनुसार दक्षिण बङ्गालका दक्षिण २४ परगना, पूर्व र पश्चिम मिदनापुर, झारग्रामसहित दक्षिण बङ्गालका सबै जिल्लामा चट्याङ र हावाहुरीसहित वर्षाको सम्भावना रहेको छ I मौसम बिभागले उत्तर बङ्गालका जिल्लाहरू जलपाईगुडी, उत्तर र दक्षिण दिनाजपुर, मालदामा पनि भारी वर्षाको सम्भावना व्यक्त गरेको छ।

**<u>पश्चिम बंगाल - प्रवर्तन निदेशालय - छापेमारी</u>**

प्रवर्तन निर्देशनालय (ईडी) ले आज पश्चिम बंगालको राजधानी कोलकातामा एक व्यापारीको घरबाट एक करोड रुपियाँ नगद र ठूलो मात्रामा गहना उद्धार गरेको छ। यसका साथै ईडीको अर्को टोलीले पनि बागुइआटीमा छापा मारेको छ ।ईडी सूत्र अनुसार नगर निगम भर्ती घोटाला अन्तर्गत जाच भइरहेको छ र खोजी अभियान जारी छ ।

****** ० ******